# तिनाउ गाउँपालिका
## Tinau Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

दोभान, पाल्पा
Dobhan, Palpा
स्था : २०७३/Estd. 2017 A.D.

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या /Letter No.:
चलानी नं. /Ref. No.:


तह वृद्धिका लागी आवेदन फारम पेश गर्ने सम्वन्धी सुचना

सुचना प्रकाशित मितिः २०८२।०३।१८ गते

स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा ३१ वमोजिम तह वृद्धिका लागी तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएका पछिल्लो पाँच वर्षको कार्यसम्पादन मुल्यांकनमा औषत नव्वे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका दफा ३४ वमोजिमको विद्यमान नरहेका उपयुक्त उम्मेद्वारहरुले स्थानीय निजामती सेवा नियमावली २०८१ को नियम ४८ सँग सम्वन्धित अनुसुची-१६ वमोजिमको ढाँचामा सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित प्रशासन शाखामा आवेदन फारम पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ।

<u>तपसिलः</u>

१. निवेदकको सक्कल निवेदन,
२. हालको पदमा नियुक्ति, वढुवा, समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. अद्यावधिक वैयाक्तिक विवरणको प्रतिलिपि,
५. सम्वन्धित कार्यालयको सेवा निरन्तरता सम्वन्धी सिफारिस पत्र,
६. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानुन वमोजिम तहवृद्धिका लागी अयोग्य नरहेको घोषणा,
७. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मुल्यांकन पेश गरेको निकायको विवरण,
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

*पुनश्चः पेश गरिने कागजातको प्रतिलिपि स्वयमं निवेदकले प्रमाणित गरी सिलसिलेवार पञ्जिका सहित पेश गर्नुपर्नेछ।*

२०८२।०३।१८

दिनेश सारु

प्रमुख प्रशासकीय अधिकृत



CamScanner